

बिकल्पका दुकानहरूमा एकछिन् ३

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २०८ ❑ २०८३ साउन २६ गते मंगलबार ❑ Tuesday, 11 Aug. 2026 ❑ मूल्य ७ /-

# वैधानिकता खोज्दै देउवा सर्वोच्चमा

## विधिको शासन कि राजनीतिक अधिकारको खिचातानी ?

विमल लामिछाने

**दमक/** नेपालको राजनीति र लोकतान्त्रिक अभ्यासमा ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको नेपाली कांग्रेसभित्र लामो समयदेखि जारी आन्तरिक विवादले नयाँ र पेचिलो कानुनी मोड लिएको छ ।

सर्वोच्च अदालतको पछिल्लो पुनरवलोकन आदेशले कुनै निश्चित पक्षको विजय वा पराजयको अन्तिम निर्णय नदिए पनि राजनीतिक दलहरूभित्र विधान, कानुनी प्रक्रिया र प्राकृतिक न्यायका मूल्यहरूलाई पन्छाएर गरिने निर्णयहरू सधैँ संवैधानिक परीक्षणको उच्च जोखिममा रहन्छन् भन्ने गतिलो सन्देश प्रवाह गरेको छ ।

गत वर्षको जेन-जी आन्दोलन पश्चात उत्पन्न असहज परिस्थिति, क्रियाशील सदस्यताको व्यवस्थापनलाई लिएर देखिएको जटिलता र निर्वाचनको मुखमा आवहान गरिएको विशेष महाधिवेशनको वैधानिकतालाई केन्द्रमा राखेर सर्वोच्च अदालतमा विकसित घटनाक्रमले केवल एक पार्टीको आन्तरिक शक्तिसंघर्षलाई मात्र प्रतिनिधित्व गर्दैन । यसले मुलुकको संविधान, विधिको शासन र न्याय प्रणालीको निष्पक्षतामाथि गहिरो प्रभाव पार्ने देखिन्छ ।

गत वैशाख ४ गते सर्वोच्च अदालतको संयुक्त इजलासले दिएको फैसलापछि चुलिएको यस विवादले साउन २१ मा आएर नयाँ गति लियो, जब अदालतको तीन सदस्यीय पूर्णइजलासले मुद्दा पुनरवलोकनको अनुमति (निस्सा) प्रदान गर्‍यो । निवेदक पक्षले अघिल्लो फैसलाको पूर्णपाठका निश्चित अंशहरूमा तथ्यगत त्रुटि रहेको, कानुनी मान्यताको उपेक्षा गरिएको र प्राकृतिक न्यायको सिद्धान्त विपरीत निर्णय आएको दाबी गर्दै पुनरवलोकनको मुद्दा दर्ता गराएको

**समाचार विश्लेषण**

थियो । यसै सन्दर्भमा उठाइएका मुख्य कानुनी आधारहरूलाई विश्लेषण गर्दा कांग्रेस विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशन बोलाउन कुल महाधिवेशन प्रतिनिधिको कम्तीमा ४० प्रतिशत हस्ताक्षर अनिवार्य हुन्छ । तर, तोकिएको समयअघि नै ८४७ जना प्रतिनिधिले हस्ताक्षर फिर्ता लिइसकेको अवस्थामा २५ प्रतिशतको कोरम समेत नपुगेको उक्त भेलाको प्रारम्भिक जग नै असंवैधानिक बन्न पुगेको देखिन्छ । वर्तमान सभापति गगन पक्षले विशेष महाधिवेशन सम्पन्न भइसकेको र नयाँ निर्वाचनसमेत भइसकेको भन्दै यसलाई बदलिन नसक्ने यथार्थका रूपमा पेस गरे पनि कानुनी रूपले यो प्रक्रियालाई वैधता दिन नमिल्ने प्रारम्भिक प्रक्रिया नै कानुनसम्मत नभएपछि समयको अन्तरालले मात्र त्यसलाई वैध बनाउन सक्दैन भन्ने मान्यतामा अदालत अडिग देखिन्छ ।

न्यायिक वा अर्धन्यायिक निकायले कुनै पनि निर्णय गर्दा 'सुनुवाइको अवसर दिनुपर्ने' प्राकृतिक न्यायको पहिलो नियमको अनिवार्य पालना गर्नुपर्ने तर्क छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४ मा आधिकारिकता विवादमा अर्को पक्षलाई

बाँकी ४ पेजमा ▸▸

## झापामा सिटौला समूह सक्रिय

**दमक/** सर्वोच्च अदालतको पुनरावलोकन आदेशसँगै नेपाली कांग्रेसभित्र राजनीतिक सहमति जुट्न नसक्दा केन्द्रदेखि जिल्लासम्म समानान्तर गतिविधि बढेका छन् । यसै क्रममा कृष्णप्रसाद सिटौलानिकट समूहले झापामा राजनीतिक सक्रियता तीव्र पारेको छ ।

जिल्ला सभापति काठमाडौंमा रहेका बेला जिल्ला पार्टी कार्यालयमा भएको संस्थापन इतर पक्षको भेलामा सिटौला प्रमुख वक्ताका रूपमा सहभागी थिए । पछिल्लो समय पार्टीभित्र देखिएको विवाद र नेतृत्वको भूमिकाप्रति असन्तुष्टि जनाउँदै इतर पक्षले साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्ने घोषणा गरेको छ । विवादकै कारण कांग्रेसमा बीपी स्मृति दिवससमेत छुट्टाछुट्टै कार्यक्रम गरी मनाइएको थियो ।

यसैविच निवर्तमान सभापति शेरबहादुर देउवा साउन २८ गते दिउँसो १२ बजे फर्किने समय तय भएको छ । देउवा फागुन १३ गते उपचारका लागि नेपालबाट सिंगापुर गएका थिए । सिंगापुरमा स्वास्थ्य परीक्षण र उपचारको काम सकिएपछि उनी ७ चैत २०८२ मा हङकङ पुगेका थिए । नेपाल आएर देउवाले नेपाली कांग्रेसको संस्थापन इतर समूहले बोलाएको भेलालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

# ओली, दाहाल र देउवाका स्वकीयको सम्पत्तिमाथि छानबिन





**दमक/** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पुष्पकमल दाहालका स्वकीय सचिवका रूपमा काम गरेका व्यक्तिहरूको सम्पत्तिमाथि अनुसन्धान अघि बढाएको छ । आयोगले देउवा प्रधानमन्त्री हुँदा उनका स्वकीय सचिव रहेका भानु देउवा तथा दाहालकी स्वकीय सचिव एवं छोरी गंगा दाहाल र उनका पति जीवन आचार्यको सम्पत्तिको स्रोतबारे छानबिन थालेको हो । अख्तियारनिकट स्रोतका अनुसार भानु देउवाको सम्पत्तिबारे विस्तृत अनुसन्धानका लागि आवश्यक विवरण संकलनको प्रक्रिया अघि बढिसकेको छ ।

आयोगले उनको परिवारका सदस्यको नाममा रहेको सम्पत्ति, बैंक खातालगायत वित्तीय विवरण, जग्गाजमिन तथा शेयरसम्बन्धी विवरण संकलन गरिरहेको छ । उजुरीका आधारमा आयोगले अनुसन्धान अधिकृत तोकेर भानु देउवा र उनको परिवारको सम्पत्तिको स्रोत तथा कारोबारबारे अध्ययन थालेको स्रोतको भनाइ छ । अनुसन्धानका क्रममा सम्पत्तिको वैधानिक स्रोत, खरिद तथा आर्जनको विवरणलगायत विषय हेरिने जनाइएको छ ।

यस्तै, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो प्रधानमन्त्री कार्यकालमा स्वकीय सचिव रहेकी गंगा दाहालको परिवारको सम्पत्तिमाथि पनि अख्तियारले अनुसन्धान थालेको छ । गंगा दाहालसँगै

बाँकी ४ पेजमा ▸▸

# दमकका होटलमा ग्राहकको अभिलेख र सीसीटीभी अनिवार्य




**दमक/** दमकको शान्ति सुरक्षा तथा अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन होटल व्यवसायीले होटलमा आउने ग्राहकको विवरण व्यवस्थित रूपमा राख्ने, सीसीटीभी सञ्चालनमा राख्ने तथा शंकास्पद गतिविधिबारे तत्काल प्रहरीलाई जानकारी गराउने प्रतिबद्धता जनाएका छन् ।

इलाका प्रहरी कार्यालय दमकमा प्रहरी र होटल व्यवसायीबीच भएको छलफलमा होटल व्यवसायलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने विषयमा विभिन्न निर्णय तथा समझदारी भएको हो । छलफलमा होटल व्यवसायी संघ दमकका अध्यक्ष योगराज दंगाल, होटल व्यवसायी महासंघ नेपालका केन्द्रीय सचिव तथा होटल व्यवसायी संघ दमकका महासचिव भूपेन्द्र न्यौपाने, संघका उपाध्यक्ष रुद्र कार्की, सचिव रमेश दहालसहितको टोली सहभागी भएको थियो । टोलीले होटल व्यवसाय सञ्चालनका क्रममा देखिएका समस्या, सुरक्षा चुनौती तथा व्यवसायीका धारणा प्रहरीसमक्ष राखेको थियो । छलफलमा होटलमा

बाँकी ४ पेजमा ▸▸

# चार हजार सहकारी बचतकर्ताको रकम फिर्ता

**दमक/** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हालसम्म करिब चार हजार बचतकर्ताको रकम फिर्ता गरेको जनाएको छ । समितिका अध्यक्ष डिल्लीराज आचार्यले भने- हामीसँग ७६ हजार बचतकर्तालाई करिब ४६ अर्ब रूपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ । त्यसका लागि सम्बन्धित सहकारीको सम्पत्ति यकिन गर्ने तथा उपलब्ध स्रोतको परिचालन गर्ने काम भइरहेको छ । सहकारी क्षेत्रमा समस्या किन उत्पन्न भयो र यसको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा समितिले आन्तरिक विश्लेषणसमेत गरेको उनको भनाइ छ ।

साना बचतकर्तालाई प्राथमिकता दिने नीतिअनुसार पहिलो चरणमा रू १० हजार वा सोभन्दा कम बचत भएका व्यक्तिको रकम फिर्ता गर्ने काम अघि बढाइएको उनको भनाइ छ ।

कार्यविधिले प्राथमिकता दिएका ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति तथा नेपाल सरकारको निर्देशिकामा उल्लेख भएका झजटिल प्रकृतिका रोगबाट पीडित बचतकर्तालाई प्राथमिकता दिइनेछ । हालसम्म विभिन्न सहकारीबाट गरी रू ४२ करोड जम्मा भएको अवस्था छ । यसमध्ये कान्तिपुर सहकारीबाट मात्रै करिब रू १२ करोड रहेको छ । करिब रू एक करोडदेखि १२ करोडसम्म जम्मा भएका सहकारीहरूलाई समेटेर दशैंअघि रकम वितरण गर्न सकिने गरी योजना अघि बढाइएको हो ।

## प्रधानमन्त्री शाह र चिनियाँ राजदूतबिच भेटवार्ता



**दमक/** प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत झाङ माओमिङले शिष्टाचार भेटवार्ता गरेका छन् । सोमबार सिंहदरबार स्थित प्रधानमन्त्री कार्यालयमा उनीहरूबिच भेटवार्ता भएको हो । भेटवार्ताका क्रममा नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन एवम् विकास साझेदारीलाई अभिवृद्धि गर्ने लगायतका विषयमा छलफल भएको छ । भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिएका छन् । राजदूत माओमिङले पनि प्रधानमन्त्री शाहलाई शुभकामना व्यक्त गर्दै दुई देशबिचको आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता जनाएका छन् ।

# दलित अधिकार ऐन बनाउन स्थानीय सरकारको सहमति

**दमक/** झापाका स्थानीय तहले आगामी आर्थिक वर्षभित्र स्थानीय दलित अधिकार ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएका छन् । कोशी प्रदेश सरकारले पनि दलित सशक्तीकरणसम्बन्धी विधेयक पारित गर्ने प्रक्रिया अघि बढाइरहेका बेला झापाका स्थानीय तहले छुट्टै कानुनी व्यवस्था गर्ने प्रतिबद्धता जनाएका हुन् ।

मानवअधिकार मञ्च नेपाल इलामको आयोजना तथा जिल्ला समन्वय समिति झापाको सहकार्यमा बिर्तामोडमा सम्पन्न दुई दिवसीय कार्यशालाले पारित गरेको '१० बुँदे झापा घोषणापत्र-२०८३' मार्फत जिल्लाका १५ वटै पालिकाले आगामी आर्थिक वर्षभित्र स्थानीय दलित अधिकार ऐन सम्बन्धित पालिकाको सभाबाट पारित गर्ने प्रतिबद्धता जनाएका हुन् । ऐनमार्फत दलित अधिकार समिति गठन गरी त्यसलाई कार्यान्वयनमा लैजानेसमेत घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा दलित समुदायको जनसांखिक तथा सामाजिक, आर्थिक 'प्रोफाइल' तयार गरी त्यसका आधारमा नीति, योजना र बजेट निर्माण गर्ने तथा पाँच वर्षे दलित विकास रणनीतिक योजना कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । जातीय विभेद तथा छुवाछूतमुक्त वडा र पालिका घोषणाका लागि

बाँकी ४ पेजमा ▸▸

## जापानी इन्सेफ्लाइटिसबाट ९ जनाको मृत्यु

**दमक/** जापानी इन्सेफ्लाइटिसबाट देशभर ९ जनाको मृत्यु भएको छ । ५५ दिनको अवधिमा कुल ४६ जना जापानी इन्सेफ्लाइटिसबाट प्रभावित भएकामा ९ जनाको मृत्यु भएको स्वास्थ्य सेवा विभागले पुष्टि गरेको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले असार र साउनको तथ्यांक विश्लेषण गर्दा नौ जनाको मृत्यु भएको बताए । उपलब्ध तथ्यांक अनुसार कोशी प्रदेशमा सबैभन्दा धेरै ६ जनाको मृत्यु भएको छ ।

जसमा झापामा ३ जना तथा इलाम, मोरङ र सुनसरीमा १-१ जनाको मृत्यु भएको छ । यस्तै, मधेस प्रदेशका बारा, धनुषा, महोत्तरी, पर्सा, रौतहट र सप्तरी गरी ११ जना बिरामी परेका छन् भने धनुषा र रौतहटमा १-१ जना गरी कुल २ जनाको मृत्यु भएको छ ।

यसैगरी दाङमा १ जनाको मृत्यु भएको छ । मृत्यु भएका र संक्रमित मध्ये अधिकांश खोप नलगाएका हुन् । चिकित्सकका अनुसार संक्रमित लामखुट्टेको टोकाइबाट जापानी इन्सेफलाइटिस सर्छ । यो मान्छेबाट मान्छेमा भने सर्दैन ।

**हंसे दुम्से सामुदायिक वन उपभोक्ता समूह दमकको**

**निर्वाचन कार्यक्रम २०८३**

**मिति २०८३/04/२७ गते**
- परिषद् सदस्य उम्मेदवार मनोनयन दर्ता : विहान १० बजे देखि ३ बजेसम्म
- उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन : बेलुकी ५ बजे

**मिति : २०८३/04/२८ गते**
- उम्मेदवारी माथि दावी विरोध : विहान १० बजेदेखि दिउँसो १ बजेसम्म
- दावी विरोध माथि छलफल र निर्णय : दिउँसो ३ बजेसम्म ।
- उम्मेदवारले नाम फिर्ता लिने समय : बेलुका ४ बजेसम्म
- उम्मेदवारको अन्तिम नामावली प्रकाशन : बेलुकी ५ बजे ।

**मिति : २०८३/04/30 गते**
- मतदान : बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म
- मतगणना : मतदान भए पश्चिात ।
- मतपरिणाम : मतगणना पश्चात ।

**स्थान : हंसे दुम्से सामुदायिक वन उपभोक्ता समूहको कार्यालय
दमक-२, ३ बेलडागी**

*निर्वाचन संयोजक*

# सम्पादकीय

## सांस्कृतिक जगेर्नाको आवश्यकता

प्रत्येक वर्षझैं यस वर्ष पनि मुलुकभर विविध कार्यक्रम आयोजना गरी विश्व आदिवासी दिवस भव्यताका साथ मनाइएको छ । कोशी प्रदेशको झापादेखि पश्चिम नेपालका हिमाली, पहाडी तथा तराईका जिल्लाहरुसम्म र राजधानी काठमाडौंको खुलामञ्चसम्म देखिएको जनसहभागिताले नेपालको सांस्कृतिक विविधता र सामाजिक सौहार्दतालाई पुनः एकपटक प्रगाढ रुपमा उजागर गरेको छ । विभिन्न जातजातिका मौलिक भेषभूषा, झाँकी, सांस्कृतिक प्रस्तुति र र्‍यालीहरुले नेपालका आदिवासी जनजातिहरुको समृद्ध पहिचानलाई जीवन्त रुपमा प्रस्तुत गरेका छन् ।

तर, यो दिवस केवल नाचगान र उत्सवमा मात्र सीमित हुनु हुँदैन। यो अधिकार, पहिचान र अस्तित्वको संरक्षण गर्ने एक गम्भीर अभियान पनि हो । नेपालको संविधानले आदिवासी जनजातिको अधिकार र पहिचानलाई सैद्धान्तिक रुपमा मान्यता दिए तापनि यसको प्रभावकारी कार्यान्वयन अझै पनि चुनौतीपूर्ण बनेको छ । आदिवासी जनजाति महासंघलगायत विभिन्न संघ-संस्थाहरुले उठाउँदै आएका समानुपातिक तथा समावेशी प्रतिनिधित्व, मातृभाषामा शिक्षा, भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार र सांस्कृतिक सम्पदाको संरक्षणजस्ता मुद्दाहरु आज राज्यका लागि गम्भीर समीक्षाका विषय हुन् ।

मुख्य चुनौतीः आधुनिकीकरण, बढ्दो सहरीकरण र वैदेशिक रोजगारीका कारण आदिवासी समुदायका मौलिक भाषा, संस्कार, परम्परागत ज्ञान र संस्कृतिहरु संकटको मोडमा पुगेका छन् । गाउँघर रित्तिँदै जाँदा नयाँ पुस्ता आफ्नै माटोको सुवास र भाषाबाट टाढिँदै गएको यथार्थलाई नजरअंदाज गर्न सकिंदैन ।

तसर्थ, विश्व आदिवासी दिवसलाई केवल औपचारिकतामा सीमित नराखी यसलाई नीति निर्माण र व्यवहारमा उतार्ने अवसर बनाउनु पर्दछ । नयाँ पुस्तालाई आफ्नै भाषा, संस्कृति र परम्परासँग जोड्न विद्यालयस्तरदेखि नै मातृभाषामा शिक्षा र सांस्कृतिक चेतनाको विकास गरिनुपर्छ। राज्यका हरेक निकायमा समानुपातिक एवं समावेशी सहभागिता सुनिश्चित गर्दै आदिवासी जनजातिको ऐतिहासिक अधिकारलाई सम्मान गर्नुपर्छ । साथै, सांस्कृतिक सम्पदाहरुको संरक्षण र पुस्तान्तरणका लागि स्थानीय तहदेखि केन्ऽ सरकारसम्म ठोस नीति तथा कार्यक्रमहरु ल्याउनु आजको अपरिहार्यता हो । विविधताभित्रको एकता नै नेपालको मौलिक शक्ति हो । आदिवासी जनजातिको भाषा, संस्कृति र अधिकारको संरक्षण हुनु भनेको सिंगो राष्ट्रको पहिचान अझ सबल बन्नु हो । तसर्थ, राज्य र सम्बन्धित पक्षले यस दिवसबाट प्राप्त प्रेरणालाई आत्मसात् गर्दै आदिवासी समुदायका अधिकार र संरक्षणका पक्षमा ठोस कदम अघि बढाउनु पर्दछ ।

समय सन्दर्भ

# बिकल्पका दुकानहरूमा एकछिन्



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**वास्तवमा रास्वपा इतिहासका सबै विकल्पहरुको पछिल्लो प्रयोग हो । जनतामा फैलिएको ब्याप्त निरासालाई चिर्न आएको भनिएको उक्त दललाई सबैतिरबाट 'घेराबन्दी' भइरहेको छ । यसको पनि 'बिकल्प' खोज्न बाध्य पार्ने प्रयास भइरहेको छ अहिले । तर तिनलाई के कुरा थाहा छैन भने र स्वपाको बिकल्प फेरि कांग्रेस कम्युनिष्ट चाहिं होइनन् । र हुँदैनन् पनि ।**

अहिले देशमा चरम निराशा उत्पन्न गर्न केही मानिसहरु लागि परिरहेका छन् । यसरी निराशा उत्पन्न गराएपछि आम मान्छे 'तुरुन्त बिकल्प' मा होमिन पुग्छन् । हरेक कालखण्ड 'बिकल्प मात्रै खोज्दै हिंड्ने' यो मुलुक घोर 'आवरा' मा दर्ज भइरहेको छ । त्यो अस्थिरताको मूल द्योतक पनि हो । यो कुरा त्यस्तो वातावरण सिर्जना गर्नेहरूलाई राम्ररी थाहा छ । र यो शिलशिलाको इतिहास भने छोटो छैन ।

नेपाली कांग्रेसको स्थापनादेखि नै बीपी र मातृका दाजुभाइको कारणले त्यो समयले प्रजापरिषद नामको दललाई 'राजनैतिक बिकल्प' ठान्यो । यसरी त्यो मूल्य र मान्यताको द्योतक हो भनेर प्रचार भयो । त्यसका नेता टंक प्रसाद आचार्य प्रधानमन्त्री पनि भए । तर त्यो प्रजापरिषद भन्ने नै सकियो, सकाइयो, जे भने पनि भयो ।

पन्ध्र सालको चुनावले ल्याएको परिवर्तनको एक बर्ष पनि नपुगी 'बिकल्प' खोजियो र पञ्चायती व्यावस्थाको सुरुवात गरियो । अनि पञ्चायत सुरु भएकै बर्षदेखि फेरि त्यसको 'बिकल्प' खोजियो, त्यसका लागि हत्या र हिंसा सुरु गरियो दलहरूबाटै । तीस बर्ष संधै दाउपेच र 'बिकल्पको खोजीमा' अर्थात् बहुदलको खोजीमा बित्यो । कहालीलाग्दा घटनाहरु भए । देशले संधै हारिह्यो । छयालीस सालमा गुहार्नु हुने नहुनेहरूलाई साक्षी राखेर 'नयाँ' भनिएको बिकल्पमा गयो देश । बहुदल त आयो, तर कांग्रेस, कम्युनिष्ट र राप्रपाले आफूलाई मात्र 'बिकल्प' बनाउन खोजे । भाँडभैलो गरे । बहुदल आएको पाँचै बर्षमा फेरि 'बिकल्प' को खोजी भयो । 'हामी बिकल्प हौं' भनेर माओवादी दलले बन्दुक र बमसंगै देशलाई उठबस गराउन दश बर्ष जंगलबाटै 'बिकल्प' दाबी गऱ्यो । यही कथित बिकल्पको भूमरिमा देशलाई लगियो । धनजनको अकल्पनीय क्षति भयो ।

फेरि दोस्रो जनआन्दोलन भयो । बिकल्प पनि आयो । तर हुने नहुनै सबै उटपट्यांगहरु गरिए । लोकतन्त्रको नाम जपेर लोकतन्त्रकै हुर्मत काढियो । लोकतन्त्र भनेको जनताको अभिमत अर्थात् बहुमतको शासन हो, तर गएको पैंतिस बर्ष पाँचजना व्यक्तिको शासन चल्यो । बहुमत जनताको अभिमत बिपरित र अलोकतान्त्रिक काम गर्दै गइयो । त्यसले पनि 'बिकल्प' खोजिरह्यो ।

र 'बिकल्प' का 'दुकान' हरु थुप्रै थापिए । स्वयं बिकल्प भनेर माओवादी युद्धमा कमान्डर बनेका बाबुराम भट्टराइले नै 'बिकल्प' भनेर नयाँशक्ति पार्टीको गठन गरे । त्यो दल आइसयुिबाटै बाहिर निस्किएन ।

बिकल्पको लामो खोजी भइरह्यो । पञ्चायतको बिकल्पमा कांग्रेस कम्येनिष्ट उभिए । न ती बिकल्प भए । राप्रपा उभियो, न त ऊ बिकल्प भयो । चन्द र थापा पटक पटक प्रधानमन्त्री भए, तर केही भएन ।

२०६२ पछि माओवादी बिकल्प बन्न खोज्यो, तर त्यो अहिले 'नाम निशान हराएर' कता पुग्यो कता । मधेसवादीहरु बिकल्प बन्न खोजे । ती पनि पानीको फोका जस्तै भएका छन् अहिले । साझा विवेकशील नामको दल बिकल्प हो भनेर युवाहरु लागे, तर त्यो अहिले निश्प्राण छ । सिके राउत 'म बिकल्प हुँ' भन्दै केही समय खहरे मच्चिएको राउत अहिले एक्लो रूख भएका छन् । विप्लव, मोहन बैद्य, र पछिल्लो समय जनार्धन शर्मा पनि आफूलाई बिकल्प भनेर हिंडे, तर ती कतै पनि पुगेनन् । तिनका पाइलै सरेनन् । ती जहाँबाट हिंडन् सुरु गरेका थिए, बर्षौंपछि पनि ती त्यही ठाउँमा उभिएर 'अर्थ न बर्थ' बोकिरहेका छन् । त्यसो त कुनै बेला देउवाले पनि गिरिजाको बिकल्प मै हुँ भनेका थिए, अंततः तिनको त्यो यात्रा कतै नपुगी टुंगियो । अनि बामदेवले पनि एमालेको बिकल्प हुन खोजेकै थिए, पछि उनी पनि बर्षौं पछि उही प्रस्थान बिन्दुमा उभिएको उभिएकै भएर रहे र अंत्यमा 'भीड' तिर लागे । माकुने, भीम रावल ओलीको बिकल्प बन्ने रहर गर्दा आफैं शून्यतामा विलिन भए । अहिले पनि कांग्रेसमा गगन थापाको बिकल्प खोजिरहेछन् 'बयोबृद्ध' नेताहरु ।

कांग्रेस कम्युनिष्टको ३५ बर्ष लामो 'बिभेदकारी' शासनको अंत्य गर्न भन्दै तिनको किल्पमा 'रास्वपा' दल जन्मियो । अनि २०८२ साल भाद्र महिनाको क्रान्तिपछि त्यो दल स्थापित पनि भयो । अहिले उसैको दुइतिहाइको सरकार छ । वास्तवमा रास्वपा इतिहासका सबै विकल्पहरूको पछिल्लो प्रयोग हो । जनतामा फैलिएको ब्याप्त निरासालाई चिर्न आएको भनिएको उक्त दललाई सबैतिरबाट 'घेराबन्दी' भइरहेको छ । यसको पनि 'बिकल्प' खोज्न बाध्य पार्ने प्रयास भइरहेको छ अहिले । तर तिनलाई के कुरा थाहा छैन भने रास्वपाको बिकल्प फेरि कांग्रेस कम्युनिष्ट चाहिं पक्कै होइनन् । र हुँदैनन् पनि । त्यही भएर होला, अर्को शक्ति जन्माउने प्रयास भइरहेको छ । तर ती बिकल्पै हुन सक्दैन । त्यस्तो बिकल्प देखिएको पनि छैन । परिस्थितिलाई निर्विकल्प बनाइएपछि र त्यसबेला दिनहुँ ढुंगामूढा गर्ने, दिनहुँ जुलुशमा जाने र तिनै भगवानहरूलाई भोट दिने जत्था बाहेकका सिर्जनशील युवाहरूका लागि यो मुलुक सामान्यतः 'बस्न अयोग्य भूमि' हुनेछ । ती पलायन हुने छन् । कल्पना गरौं त, कस्तो हुन्छ होला त्यस बेलाको नेपाल ? कस्ता व्यक्तिहरूको हातमा शासन जाला ?

सबै नयाँ बिकल्प सकिएपछि के त ? नयाँ 'बिकल्पहरु' हरपल जन्मिरहेछन्, अनि हरपल मरिरहेछन् । बाँच्ने को हो त ? उही पुरानै दल, अनि तिनैलाई भोट ? यदि त्यो दिन आयो भने यी नयाँ बिकल्पहरूलाई बदनाम गर्न अहोरात्र खटेर, नारा र जुलुश गरेर, अनेक हिंसा फैलाएर आफ्नो सबै रगत त्यसैमा समर्पण गर्ने ती दलका भोटर र कार्यकर्ता बाहेक बाँकी युवा यो देशमा बस्छन् त ? दिनहुँ नारा जुलुश गर्ने, तोडफोड गर्ने, केही पनि इलम नगर्ने, लुटेर खानेहरूको हातमा देश जानेछ । र यो देशको यही नक्सा कोर्न यो समय निकै कम्मर कसेर लागेको छ । तर तिनका ती धन्धुकारी सपना 'कहिल्यै पनि पूरा हुन नदिन' यो समयको अर्को आयाम पनि हात धोएर लागेको छ । अहिले जताततै निस्किएका 'सदभाव र्‍याली' हरूको अर्थ र अलंकार पनि त्यही हो । यहाँ कोही पनि कसैको बिकल्प हुन सक्दैनन् र हुन दिनु हुँदैन पनि भनेर लागेको लावालस्करलाई यही अर्थमा हेरिएको हो । 'बिकल्पलाई पनि टिक्न नदिने, आँफू पनि कहिल्यै नसुध्रिने' मनोरोगबाट देशले मूक्ति खोजेको हो । र यो बिस्तारै पूरा हुने छ भन्ने आँट हर नेपालीले गर्नु पर्ने बेला आएको जस्तो देखिदैछ । र 'नयाँ बिकल्प' हरूको जुलुश यो देशले अब भने थेग्न सक्ने छैन । अब यही काम गरिरहेकाहरु टिकेर यो देशलाई बैतरणी तार्नुको अर्को बिकल्प छैन ।

– दमक, झापा

धर्मका कुरा

## अध्यात्मको पहिलो साधनास्थल

मन्दिर, आश्रम, ध्यान, प्रार्थना र तीर्थयात्रा साधनाका अमूल्य माध्यम हुन् । तर तिनको उद्देश्य जीवनबाट अलग कुनै पवित्र संसार बनाउनु होइन, जीवनलाई नै पवित्र बनाउनु हो । ध्यानले हामीलाई घरमा अझ धैर्यवान् बनाएन, प्रार्थनाले हाम्रो भाषा कोमल बनाएन र साधनाले अहंकारलाई नरम बनाएन भने अध्यात्म अझै विचारमा छ, जीवनमा अवतरित भएको छैन ।

यदि प्रेम चेतनाको विस्तार हो भने, यसको पहिलो अभ्यास कहाँबाट शुरू हुन्छ? उत्तर धेरै टाढा छैन, आˆनै घरबाट ! घर हाम्रो चरित्रको पहिलो विद्यालय र अध्यात्मको पहिलो प्रयोगशाला हो। बाहिरी संसारमा हामी आˆनो छवि सजाउन सक्छौं जस्तो कि विनम्र, उदार वा आध्यात्मिक देखिन सक्छौं । तर घरमा अभिनय लामो समय टिक्दैन । त्यहाँ अधैर्य, अपेक्षा, नियन्त्रणको चाहना, असुरक्षा र अहंकार बारम्बार प्रकट हुन्छन् । त्यसैले परिवारले हामीलाई प्रेम गर्ने अवसर मात्र दिंदैन; उसले हाम्रो अपरिपक्वता देखाएर त्यसलाई रूपान्तरण गर्ने अवसर पनि दिन्छ ।

हामीले जीवनभर खोजेको प्रेम बाहिर कतै हराएको थिएन। त्यो त हाम्रो आˆनै चेतना स्वार्थको साँघुरो घेराबाट मुक्त भएर विस्तार हुने प्रतीक्षामा थियो । यही प्रेमबाट अध्यात्म शुरू हुन्छ, र यही दिव्य प्रेममा अध्यात्म परिपूर्ण हुन्छ ।

सबैलाई प्रेम गर्नु भनेको सबैसँग एउटै प्रकारको सम्बन्ध राख्नु होइन। प्रेम सार्वभौमिक हुन सक्छ, तर जिम्मेवारी सधैं समान हुँदैन । सूर्यको प्रकाश सबैमाथि पर्छ, तर रूखले आˆनो जराबाट रस ग्रहण गर्छ । उस्तै प्रकाश ग्रहण गरे पनि विभिन्न स्वादका फल प्रदान गर्छ । त्यसरी नै हाम्रो करूणा सम्पूर्ण मानवताप्रति फैलिन सक्छ, तर पहिलो उत्तरदायित्व ती व्यक्तिप्रति हुन्छ जसलाई जीवनले हाम्रो समय, संरक्षण र सेवाको जिम्मा दिएको छ ।

यदि म आˆनी बहिनीलाई प्रेम गर्छु भने, संसारका सबै महिलालाई त्यही सम्बन्धमा बाँध्नुपर्छ भन्ने होइन । म सबै महिलाप्रति सम्मान, सुरक्षा र शुभेच्छा राख्न सक्छु; तर आˆनी बहिनीप्रतिको जिम्मेवारी स्वाभाविक रूपमा विशेष हुन्छ । त्यस्तै, आमाबाबु, जीवनसाथी, सन्तान वा घनिष्ठ मित्रप्रतिको निष्ठा अरु सबैप्रतिको करूणासँग विरोधाभासमा हुँदैन । बरू विशिष्ट सम्बन्धमा प्रेम निभाउन सिकेपछि मात्र त्यो प्रेम विश्वव्यापी बन्ने आधार तयार हुन्छ ।

आज हामी कहिलेकाहीं प्रेमको गहिराइलाई सम्बन्धको सत्त्या, सामाजिक सञ्जालका अनुयायी वा 'सबै मेरो परिवार हुन्' भन्ने घोषणाले मापन गर्छौं । तर प्रेमको सत्यता शब्दको मिठासले होइन, कठिन समयमा निभाइने उपस्थिति, निष्ठा र जिम्मेवारीले प्रमाणित हुन्छ । जसले नजिकका सम्बन्धमा प्रेम जिउन सकेन, उसका लागि सम्पूर्ण मानवतालाई प्रेम गर्ने घोषणा धेरै पटक सुन्दर कल्पना मात्र बन्न सक्छ ।

आध्यात्मिक अभ्यासका अवसरहरु प्रायः साधारण देखिन्छन्: बिहान परिवारका सदस्यलाई मुस्कुराएर अभिवादन गर्नु; वृद्ध आमाबाबुको दोहोरिएको कुरा धैर्यपूर्वक सुन्नु; जीवनसाथीको असहमतिलाई आक्रमण होइन, फरक अनुभवका रूपमा ग्रहण गर्नु; सन्तानको गल्तीलाई अपमान होइन, शिक्षाको अवसर बनाउनु; र घरमा सेवा गर्ने व्यक्तिको गरिमालाई सम्मान गर्नु । यिनै साना क्षणहरूले मन परिष्कृत गर्छन् र प्रेमलाई व्यवहारमा उतार्छन् ।

# पशुपतिनाथमा भक्तजनको भीड

दमक/ साउन महिनाको अन्तिम सोमबार बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा दर्शनार्थीको घुइँचो लागेको थियो । परिरहेको पानीको पर्वाह नगरी भक्तहरु लामबद्ध भएर मन्दिरभित्र प्रवेश गरिरहेका छन् ।

बिहान ३ बजेदेखि नै पशुपतिनाथ मन्दिरका चारै ढोका खोलिएको थियो । पशुपतिनाथको दर्शनमा आउने श्रद्धालु भक्तजनको सहज, सुरक्षित तथा व्यवस्थित दर्शन एवं विशेष पूजा व्यवस्थापनको प्रबन्ध मिलाइएको थियो । बिहानैदेखि सुन्दरीजलबाट जल ल्याएर पशुपतिनाथमा चढाउने भक्तजनको पनि लाम लागेको छ ।

पशुपति प्रस्थान मार्ग गौशाला, जयवागीश्वरी, मित्र उद्यान, चाबहिल, मैजुबहाल, चुच्चेपाटी, कुमारीगाल, वाग्मती करिडोर, गुह्येश्वरी, मृगस्थली, गौरीनगर, पिंगलास्थान र आसपासबाट पनि भक्तजन पशुपतिमा दर्शन गरेर फर्किएका छन् ।

यस्तो छ उपवासको महत्व

सात्विक खानपान र हरियाली चुरा पोते जस्ता सौभाग्यको साथमा मनाइने साउने सोमबार भोलि मनाइँदैछ । सूर्य दक्षिणायनपछि विशेष चार्डपर्वको सुरूवातको संकेत गर्ने पूर्वीय संस्कृतिमा साउने सोमबार आफैमा विशेष महत्वको महिना हो ।

साउनको महिना भित्र पनि बढी सोमबारको महत्व हुन्छ । साउनको सोमबार शिवको पूजाआजा गर्दा मनोकाक्षा पूरा हुने विश्वासका साथ बिहानैदेखि महिलाहरू शिवमन्दिरमा गएर पूजाआजा गर्ने गर्छन् ।

विशेषगरी महिलाहरूले हरियो रंगका वस्त्र, चुरा र मेहेन्दी लगाएर भगवान शिवको पूजा तथा आराधना गरी ब्रत बस्ने गर्छन् । साउन महिनाको सोमबार शिवको प्रिय दिन मानिन्छ । त्यसैले साउनको हरेक सोमबार श्रद्धालुहरूले रातो, हरियो र पहेंलो बस्त्र तथा चुरा-पोते लगाएर शिवको पूजा गर्दछन् ।

**साउने सोमबारको महत्व**

पवित्र महिना साउन र त्यसमा पनि सोमबार छुट्टै विशेषता रहन्छ । साउने सोमबारका दिन भगवान् शिवको विशेष पूजाआराधना गर्ने परम्परा छ । ज्योतिषशास्त्रअनुसार सोमवारको स्वामी



भगवान् शिव भएकाले यो दिनको शिवोपासना विशेष मानिन्छ । अझ यो महिनाको सोमवार गरिने शिवको व्रत पूजा विशेष फलदायी हुने मान्यता छ । हस्ता नक्षत्रयुक्त सोमवारको व्रतको प्रभावले पार्वतीले महादेव स्वामी पाएको प्रसंग पुराणमा पाइन्छ ।

साउने सोमबारको व्रतलाई विशेष तरिकाले उत्सवका रूपमा मनाउन थालिएको पाइन्छ । व्रत नबस्ने महिलाहरू पनि हरियो, पहेलो चुरा र मेहन्दी लगाउछन् । देशभरका शिवालयमा हरियो चुरा, पोते र रातो पहिरनमा सजिएका युवती तथा महिलाको भीड लाग्छ । त्यसैगरी साउन महिनाका सोमबार बोलबम भन्दै महिला तथा पुरूष भक्तजनले पवित्र जल शिवालयहरूमा अर्पण गर्ने परम्परा पनि छ । धर्म तथा संस्कृतिविद्हरूका अनुसार साउन महिना धेरै पानी पर्ने, बाढी पहिरो आएर समाजमा प्राकृतिक दुर्घटना नहोस् भनेर भगवान शिवको पूजा गरिन्छ ।

पौराणिक मान्यताअनुसार पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेर भगवान शिवलाई प्राप्त गरेकी हुनाले भगवान शिवलाई खुसी पार्नका लागि यो महिना विशेष हुन पुगेको हो । त्यसो त शिवको पूजा बालाचतुर्दशी मङ्सिर, माघे संक्रान्ति माघमा, महाशिवरात्री फागुनमा, अक्षय तृतीया वैशाखमा मनाइन्छ तर अरु महिनामा एक दिन मात्र शिवको पूरा गरिन्छ भने महिनाभरि नै शिवको पूजा हुने महिना भने साउन मात्रै हो । शिवलाई जलधार सारै प्रिय छ । प्रकृतिले नै जलधारा लगाउने यो महिना वातावरणीय स्वच्छताका हिसाबले पनि उत्तम मानिन्छ ।

हिन्दू धर्ममा साउनलाई धर्मकर्मको महिना भनिन्छ । यो महिनामा व्रत, दान, पूजापाठ आदि गर्दा धेरै गुना बढी फल प्राप्त हुन्छ भन्ने विश्वास गरिछ । पुराणहरूमा मुख्य तीनथरि व्रतको चर्चा पाइन्छ । ती हुन्– साउने सोमबार, सोंह सोमबार एवं सोम प्रदोष । सोमबारको व्रत विधि पनि अन्य व्रतजस्तै हुन्छ । यो व्रत सूर्योदयदेखि प्रारम्भ भएर तेस्रो प्रहरसम्म बसिन्छ । दिनको तेस्रो प्रहर अर्थात् करिब तीन बजेतिर शिवजीको पूजा गरी कथा सुन्नुपर्छ । व्रत गरेको दिन बेलुका एकपटक सात्विक भोजन गर्नुपर्छ । यसरी व्रत बस्दा सारा समस्या समाधान हुने जनविश्वास छ ।

**बोलबम सुरू**

पहँलो वस्त्रधारी भक्तजनले खाली खुट्टा पैदल हिंडेर शिवालयमा जल अर्पण गर्ने कार्यलाई बोलबम भनिन्छ ।

साउन महिनाको हरेक सोमबारका दिन पशुपति क्षेत्र, बराहक्षेत्रमा यस्तो मेला विशेष हुन्छ । पशुपतिमा सुन्दरीजलबाट तथा पिण्डेश्वर शिवालयमा धार्मिक तीर्थस्थल चतरा कौशिकी तट सप्तकोशी नदीबाट जल उठाएर ल्याई अर्पण गर्ने चलन छ । स्मरणीय के छ भने नेपालमा साउने सोमवार तथा बोलबम मनाउने चलन सुरू भएको धेरै भएको छैन ।

साउने रूद्रीको महत्व

नेपाली समाजमा साउन महिनामा रूद्री लगाउने चलन छ । रूद्री भनेको शतरूद्रीय वैदिक मन्त्र पाठ गरी शिवलिङ्गमा अभिषेक गर्नु हो । विशेषगरी साउनको सोमवार पारेर तथा त्यस दिन नजुरे साउनकै अन्य कुनै दिन ब्राह्मणहरूद्वारा रूद्रीभिषेक गराइन्छ। रूद्रीमा वैदिक मन्त्रोच्चारण सहित जलधाराले शिवको अभिषेक गरिन्छ। धर्म, अर्थ काम र मोक्ष यी चार कुराको इच्छा गर्नेहरूले रूद्री पाठद्वारा आशुतोष भगवान् रूऽलाई प्रसन्न पार्छन् । रूद्री प्रसन्न हुनाले सम्पूर्ण इच्छा पूर्ण हुन्छ भन्ने विश्वास गरिन्छ। भिन्नभिन्न वस्तुले अभिषेक गरी रूद्रीपाठ गर्नाले भिन्नभिन्न कामना पूर्ण हुन्छन् भन्ने विश्वास छ ।

श्रवण नक्षत्रको स्वामी चन्द्रमा हुन् । चन्द्रमा भगवान् शिवको मस्तकमा शोभायमान छन् । जब सूर्य मिथुनबाट कर्कट राशिमा प्रवेश गरेर साउन महिना सुरू हुन्छ तब सूर्य दक्षिणायन हुन्छन्, सूर्यको ताप कम तथा दिन छोटा हुन थाल्छन् ।

# कोशीमा ९३ प्रतिशत धान रोपाइँ




दमक/ यो वर्ष समयमै मनसुन सक्रिय हुनु, पर्याप्त वर्षा हुनु तथा किसानले रोपाइँका लागि अनुकूल वातावरण पाएकाले रोपाइँको प्रगति गत वर्षको तुलनामा सुधारिएको कृषि मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

कोशी प्रदेशमा यस वर्ष ९३ दशमलव ६९ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । कृषि विभागको तथ्यांकअनुसार साउन २२ गतेसम्म प्रदेशमा धान खेतीयोग्य क्षेत्रफलको अधिकांश भागमा रोपाइँ सकिएको हो ।

देशभरभने हालसम्म ९६ दशमलव ०६ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । सुदूरपश्चिम प्रदेशमा शतप्रतिशत रोपाइँ सकिँदा कोशी प्रदेशमा भने देशका अन्य प्रदेशको तुलनामा रोपाइँको प्रगति केही कम देखिएको छ ।

प्रदेशगत रूपमा सुदूरपश्चिममा १०० प्रतिशत, बागमतीमा ९७ दशमलव ८२ प्रतिशत, लुम्बिनीमा ९७ दशमलव ३७ प्रतिशत, कर्णालीमा ९६ दशमलव ८२ प्रतिशत, गण्डकीमा ९५ दशमलव ५७ प्रतिशत, मधेशमा ९४ दशमलव ६५ प्रतिशत र कोशीमा ९३ दशमलव ६९ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । देशभर १३ लाख ७० हजार ६२ हेक्टर धान खेतीयोग्य क्षेत्रफलमध्ये १३ लाख १६ हजार ३९ हेक्टरमा रोपाइँ सम्पन्न भएको कृषि विभागले जनाएको छ । गत वर्षको यही अवधिमा देशभर ९१ दशमलव ३१ प्रतिशत मात्रै रोपाइँ भएको थियो ।

## सेक्सपियरका महान भनाइहरु



अंग्रेजी साहित्यका महान साहित्यकार सेक्सपियरको चर्चा हुने गर्छ । अंग्रेजी साहित्य पढ्नेले उनलाई पढेकै हुन्छन् । उनका कैयन् भनाइ अहिले पनि उत्तिकै चर्चित छन् ।

पन्ध्रौं शताब्दीमा बेलायतमा जन्मेका सेक्सपियरलाई इंग्ल्याण्डका राष्ट्रकवि पनि भनिन्छ ।

**उनका केही प्रेरक भनाइ यस्ता छन्ः**

१. यदि संगीत प्रेमको खाना हो भने यसलाई बज्न देऊ ।
२. साँचो प्रेमको चरण कहिल्यै मुलायमसँग हिडेको छैन ।
३. धेरै सुन, थोरै बोल ।
४. सबैलाई प्रेम गर, थोरैलाई विश्वस गर र कसैलाई पनि हानी नगर ।
५. कायरहरु मर्नुपूर्व धेरै पटक मरिसकेका हुन्छन् ।
६. निर्भिक व्यक्तिले ख्यातीको शिखर एकै पलमा चुम्न सक्दछ ।
७. हामी को हौं, यो हामीलाई थाहा छ तर के हामी के बन्न सक्छौ यो थाहा छैन ।
८. प्रेम अन्धो हुन्छ ।
९. यहाँ न असल छ न त खराब नै असल-खराब त हाम्रो सोचाइको उपज हो ।
१०. एउटा रित्तो भाडोले नै ज्यादा आवाज निकाल्छ ।

## पुस्तक-साभार

### सुवर्ण शमशेर

### निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

#### क्रान्तिको नेतृत्व

पार्टी एक हुनु अघि नेपाली राष्ट्रिय कांग्रेसको गान्धीवादी अहिंसात्मक आन्दोलनको नीति अनुसार विराटनगर मजदुर आन्दोलन र दुई पल्टसम्म गरिएका सत्याग्रहहरूले राणा सत्तालाई खासै कुनै असर परेको थिएन । यद्यपि देश भित्र राणा विरोधी जनचेतना भने अत्यन्तै उर्ध्व गतिमा बढिरहेको थियो । मानसिक रूपमा जनतामा राणाका विरुद्ध संगठित हुने आत्मवल ती आन्दोलनहरूले राम्ररी नै बढाइरहेका थिए । प्रजातन्त्र कांग्रेस भने सुरुदेखि नै सशस्त्र क्रान्तिको पक्षमा रहेकाले भित्रभित्रै हतियार र लडाकुको व्यवस्थापन र तालिममा लागिरहेकै थियो । जब पार्टी एक भयो यसमा भित्रभित्रै दुबै लाइनबाट अघि बढ्ने सम्झौता भएको थियो । बाह्य रुपमा हिंसात्मक आन्दोलनको लक्ष्य लिएमा भारत सरकारले त्यो आन्दोलनको समर्थन नगर्ने सम्भावना थियो किन भने भर्खरै सन् १९५० अर्थात् २००७ श्रावण १५ गते मोहनशमशेरले नेपालका तर्फबाट भारत सरकारसँग गरेको सन्धिको आधारलाई समातेर राणाहरूले भारत सरकारलाई दबाब दिन सक्थे र भारतले आफ्नो भूमिबाट नेपाल विरोधी गतिविधि गर्नमा रोक लगाउन सक्थ्यो । उक्त सन्धिमा निम्न कुराहरु उल्लेखित थिए ।

१) नेपाल र भारतबीच अटल शान्ति र मित्रता सदा कायम रहनेछ । दुबै देशले एकअर्काका पूर्ण स्वतन्त्रता र स्वाधीनतालाई स्वीकार्छन् ।
२) नेपाल र भारतबीच रहेको मैत्री सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा एकले अर्कालाई खबर गर्न मन्जुर छन् ।
३) दुबै सरकारले आफ्नो राज्यमा रहेका अर्को राज्यका रैतीलाई आफ्नो मुलुकको औद्योगिक र आर्थिक विकास सम्बन्धी काम र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार गर्न कबुल गर्छन् ।
४) नेपाल र भारत सरकारले परस्पर कन्सुलेट जनरलहरु, कन्सुलेटहरु र अरु प्रकारका कन्सुलर प्रतिनिधिहरूको मन्जुर गरिएका शहर, बन्दरगाह र अरु स्थानहरूमा नियुक्ति गर्न पूर्ण मन्जुर छन् ।
५) कर्मचारी वर्गसहित प्रतिनिधिहरूद्धारा परम्परमा प्रचलित अन्तर्राष्ट्रिय सम्बन्ध राजदूत स्तरमा कायम गर्न दुबै देश मन्जुर छन् ।
६) नेपालले भारत सरकारको राज्यबाट वा उक्त राज्यको बाटो गरी आन्तरिक शान्ति सुरक्षाका लागि चाहिने हातहतियार, कलपुर्जा, गोली गठ्ठा, खरखजाना, मालसामानको आयात गर्न पाउनेछ ।
७) नेपाल सरकार र ब्रिटिस भारत सरकारका बीचमा भएका सबै सन्धि सम्झौता यसै सम्झौता बमोजिम खारेज गरिन्छन् ।
८) नेपाल र भारत सरकारले एक अर्काको नागरिकलाई निवास, सम्पत्तिको भोग, व्यापार वाणिज्यमा भाग लिन, घुमफिर गर्न र अरु त्यस्तै विशेषाधिकारहरु दिन मन्जुर गर्छन् ।
९) यो सन्धि हस्ताक्षर भएकै मितिदेखि लागु हुनेछ ।
१०) यो सन्धि कुनै एक मुलुकले एक वर्षको भाका दिई अन्त्य गर्न नखोजेसम्म जारी रहिरहनेछ । क्रमशः.....

## मनोरञ्जन

# नयाँ निर्देशक र कलाकारले मारेको बाजी गौँथली, छैन रोकिने छनक !




दमक/ 'कन्टेन्टमा दम' भएका फिल्मको प्रचार दर्शकले नै गरिदिन्छन् । त्यसैलाई 'माउथ पब्लिसिटी' भनिँदै आएको हो । प्रचारमा जति फन्डा गरे पनि कन्टेन्टमा दम नभएका फिल्महरु बक्स अफिसमा पछारिने नै हुन् । स्टार नायक-नायिका पनि अब फिल्म चल्ने कारक रहेनन् ।

प्रदर्शनरत 'गौँथली'ले फेरि स्पष्ट पारेको छ- दर्शकले कथा नै हेर्न चाहेका छन् । 'गौँथली'का नायक अरूण क्षेत्री र नायिका सिम्रन खड्का दुवै स्टार कलाकार होइनन । डा. कपिल रिजाल पनि सेलिब्रिटी निर्देशक होइनन् ।

अझ निर्देशक त दन्त चिकित्सक हुन् । फिल्म मेकिङ उनका लागि फगत प्यासन हो । यी कारणले पनि 'गौँथली' हलमा लाग्दै गर्दा धेरैले 'हिट हुने आधार' देखेका थिएनन् । किनकि हिट हुनका लागि चाहिने ट्रेडिसनल मानक यस फिल्ममा थिएन । जस्तो- स्टार कलाकार, चटपटे संवाद र प्रचारका विभिन्न फन्डा ।

तर, कुनै फिल्म यसरी 'अन्डरडग' साबित हुन्छन् कि- ठूला ब्यानारका बलिया कीर्तिमान हलचल हुन्छन् । समग्र फिल्म क्षेत्रले 'अन्डरडग' फिल्मको प्रभाव कमै अनुभव गर्न पाउँछ ।

**त्यो 'अन्डरडग' फिल्म हो- गौँथली ।**

नयाँ निर्देशकले नयाँ कलाकार लिएर बनाएको फिल्म हो- गौँथली । प्रचारमा पनि साह्रै तडकभडक भएन । प्रदर्शनअघिका दिनसम्म 'गौँथली' इन्डस्ट्रीले हिट अपेक्षा गरेको फिल्म होइन ।

विदेशी फिल्मका कारण हलहरूले यस फिल्मको शो संख्या कटौती गरेको यथार्थ पनि छ ।

'गौँथली'ले बक्स अफिसमा छक्का पञ्जा टिमले बनाएको सबै फिल्मलाई उछिनेको छ । 'छक्का पञ्जा' टिमले बनाएको सबैभन्दा बढी ब्यापार गर्ने फिल्म 'छक्का पञ्जा ४' हो । त्यसले १७ करोड ५३ लाख ग्रस कलेक्सन गरेको छ ।

यससँगै 'गौँथली' सर्वाधिक व्यापार गर्ने चौथो फिल्म बनेको छ । यसले २१ करोड व्यापार गरी सर्वाधिक ग्रस कलेक्सन गर्ने दोस्रो फिल्म 'कबड्डी ४'लाई उछिन्ने छनक देखाएको छ ।

'गौँथली'ले सतप्रतिशत हिट फिल्म दिने बजारका दुई सफल ब्यानर 'छक्का पञ्जा टिम' र 'जात्रा सिरिज' निर्माण गर्ने षट्कोण आर्टस्लाई ग्रस कलेक्सनमा उछिनेको छ ।

'गौँथली' अफ सिजनमा रिलिज भएको फिल्म हो । प्रायः मेकरहरु लामा छुट्टी र सार्वजनिक बिदा हेरेर फिल्म हलमा लैजान्छन् । अझ, असार र साउनमा वर्षाको डरले फिल्म हलमा लगाउन उचित ठान्दैनन् ।

यो फिल्मको हाइप बढाएको जस अरूण र सिम्रनले नै लिन पाउँछन् । फिल्ममा निर्वाह गरेकै चरित्रमा अन्तर्वार्ता दिएपछि यो फिल्मप्रति दर्शकको चासो बढेको हो । पत्रकार प्रकाश सुबेदीसँगको उक्त अन्तर्वार्ताबाट स्रिमन र अरूण दुवैले दर्शकबाट सहानुभूति बटुलेका थिए ।

यसको असर बुकिङमा देखियो । त्यसपछिको माउथ पब्लिसिटीले यो फिल्मको व्यापार हरेक साता बढ्दै छ । तेस्रो साता अर्थात् साउन १७ देखि २३ गतेसम्म यो फिल्मको व्यापार ७ करोड छ । जुन अघिल्ला साताका सरह हो ।

# विराटनगर जुट मिल पुनः सञ्चालनका लागि सरकारद्वारा कार्यदल गठन




दमक । सरकारले लामो समयदेखि बन्द रहेको विराटनगर जुट मिल पुनः सञ्चालनका लागि एक महिनाभित्र अध्ययन प्रतिवेदन दिने गरी कार्यदल गठन गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले मिलको वर्तमान आर्थिक, प्राविधिक तथा कानुनी अवस्था अध्ययन गरी पुनः सञ्चालनका लागि उपयुक्त विकल्प सिफारिस गर्न विज्ञसहितको कार्यदल गठन गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादवका अनुसार कार्यदलले विराटनगर जुट मिलको वर्तमान अवस्था, यसअघि भएका सरकारी निर्णय तथा विभिन्न निकायले तयार गरेका अध्ययन प्रतिवेदनको समीक्षा गर्नेछ । मिलको व्यवस्थापन, सञ्चालनको सम्भावना, विद्यमान समस्या तथा पुनः सञ्चालनका लागि अपनाउन सकिने विकल्पबारे समेत कार्यदलले अध्ययन गर्नेछ । अध्ययनबाट प्राप्त निष्कर्ष र सिफारिसका आधारमा सरकारले मिल सञ्चालनका सम्बन्धमा आवश्यक निर्णय लिनेछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका संस्थान हेर्ने सहसचिवको संयोजकत्वमा गठन हुने कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव सदस्य रहनेछन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट दुई जना विज्ञ सदस्य मनोनित गरिनेछ भने सरकारी उद्योग तथा संस्थान शाखाका उपसचिव सदस्य-सचिव रहने व्यवस्था गरिएको छ ।

कार्यदलले मिल परिसरमा रहेका भवन, कारखाना, मेसिनरी, पार्टपुर्जा तथा अन्य भौतिक संरचनाको वर्तमान अवस्थासमेत मूल्यांकन गर्नेछ । साथै मिलको सम्पत्ति र दायित्वको अवस्था अध्ययन गरी त्यसको व्यवस्थापन तथा फरफारकका लागि आवश्यक कानुनी र व्यावहारिक उपाय सरकारलाई सुझाउनेछ । यसअघि मिल पुनः सञ्चालनका विषयमा गठन भएका विभिन्न कार्यदलले दिएका प्रतिवेदन, सुझाव र सिफारिसलाई समेत नयाँ कार्यदलले आधार बनाउनेछ ।

नेपालको औद्योगिक इतिहासमा महत्वपूर्ण स्थान राख्ने विराटनगर जुट मिल लामो समयदेखि बन्द अवस्थामा छ । पछिल्लो समय सरकारले बन्द तथा रूग्ण सरकारी उद्योग पुनः सञ्चालनको सम्भावना खोजिरहेका बेला जुट मिलका लागि गठन गरिएको कार्यदललाई त्यसैको निरन्तरताका रूपमा हेरिएको छ । यद्यपि, यसपटकको चुनौती अध्ययन र निर्णयमा मात्र सीमित नराखी मिललाई आर्थिक रूपमा सम्भाव्य, आधुनिक व्यवस्थापनयुक्त र दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउनु रहेको छ ।

## स्वास्थ्य

# गर्भावस्थामा उच्च रक्तचापबाट कसरी बच्ने ?



दमक/गर्भावस्थामा उच्च रक्तचाप बेलैमा नियन्त्रणमा राखिएन भने वा उच्च रक्तचापको जटिलता बढ्दै जाँदा कम्पन छुट्ने समस्या हुन सक्छ । यसलाई मेडिकल भाषामा इक्लेम्पसिया भनिन्छ । कम्पन छुट्ने समस्या उत्पन्न भएमा अस्पतालमै सम्बन्धित विशेषज्ञको निगरानीमा उपचार गराउनुपर्ने हुन्छ । गम्भीर खालको रक्तचापको समस्या भएकी महिलालाई इक्लेम्पसिया हुने सम्भावना निकै बढी भए पनि कसै-कसैमा सामान्य मात्रामा रक्तचाप हुँदा पनि इक्लेम्पसिया हुने गरेको छ ।

उच्च रक्तचापबाट ग्रसित गर्भवती महिलालाई प्रायः अस्पतालमा उपचार गराउन ल्याउने हुनाले अस्पतालहरूको तथ्यांक अनुसार सालाखाला ३० देखि ५०० जना उच्च रक्तचाप भएका महिलामध्ये एकजनालाई कम्पन छुट्ने (इक्लेम्पसिया) जस्तो जटिलता देखा पर्दछ । गर्भवती महिलामा उच्च रक्तचापको अलावा गोडा अधिक सुन्निने, टाउको दुख्ने, निद्रा गडबड हुने, पेटको माथिल्लो भाग पोल्ने, आँखा धमिलो हुने, असामान्य तवरले तौल बढ्नेजस्ता लक्षण चिह्नहरू इक्लेम्पसिया हुन लागेको अर्थात् कम्पन आउन लागेकोको पूर्वसूचकहरू हुन् ।

गर्भवती महिलामा उच्च रक्तचापको कारण गिदीमा रगतको बहाव कम हुनु, गिदी सुन्निनु वा गिदीको इलेक्ट्रिकल चालमा गडबडी हुनु कम्पन छुट्नाको कारण मानिन्छ । करिब ५० प्रतिशत गर्भवती महिलामा यस्तो कम्पन सुत्केरी व्यथा शुरू नहुँदै हुने भए पनि ३० प्रतिशतमा सुत्केरी हुँदाहुँदै र २० प्रतिशतमा बच्चा पाएको ७ दिन (प्रायजसो ४८ घण्टाभित्र) हुन्छ । छारेरोग, हिस्टेरिया, इन्सेफलाइटिस, मेनिन्जाइटिस, गिदीको रक्तनलीमा रगत जम्नु, विष सेवन, गिदीलाई असर गर्न सक्ने खालको औलोरोग गर्भवती महिलामा कम्पन छुट्न सक्ने अन्य कारणहरू भए पनि अरू कारण नखुट्टिएसम्म इक्लेम्पसियालाई कम्पन आउनाको प्रमुख कारण मान्नुपर्दछ ।

इक्लेम्पसियाको कम्पन आउँदा पनि सामान्य छारेरोगमा जस्तै काम्नुपूर्व बिरामीको व्यवहारमा परिवर्तन आउने, शरीर कडा हुने, कम्पन छुट्ने अनि बेहोस हुने हुन्छ । उच्च रक्तचापले जस्तै इक्लेम्पसियाले पनि गर्भवती महिलाको मृगौला, रक्तनलीहरू, कलेजो, गिदी, मुटु, फोक्सो आदिलाई नकारात्मक असर पु-याउँछ । एकपटक कम्पन आएपछि गर्भवती महिला तथा गर्भशिशुको स्वास्थ्य यसै भन्न सकिन्न । कम्पन आएदेखि उपचार पाउनसम्म ढिलाइ भयो, सुत्केरी हुन बढी समय लाग्यो, १० पटकभन्दा बढी पटक कम्पन आयो, ज्वरो धेरै (१०२ डिग्रीभन्दा बढी) आयो, नाडीको चाल १२० भन्दा बढी भयो, माथिल्लो रक्तचाप २०० भन्दा बढी भयो, पिसाब कम भयो, मेडिकल उपचारले छोएन वा जन्डिस पनि देखा प-यो भनेचाहिँ स्थिति राम्रो हुँदैन भन्ने बुझ्नु पर्दछ ।




आज मिति
२०८३ साल
साउन २६ गते
मंगलबार
11 Aug. 2026
तिथि: त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | नयाँ काममा सफलता मिल्नेछ । आर्थिक पक्ष बलियो हुनेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारिक सहयोग प्राप्त हुनेछ । व्यवसायमा लाभको योग छ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | महत्वपूर्ण भेटघाट हुनेछ । नयाँ अवसर हात पर्नेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | काममा उत्साह बढ्नेछ । आम्दानीको नयाँ स्रोत भेटिनेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | प्रतिष्ठा बढ्नेछ । निर्णयमा सफलता मिल्नेछ । |
| कन्या | टो प पी पॅ ष ण ठ पे पो | मेहनतको राम्रो परिणाम आउनेछ । सहकर्मीबाट सहयोग पाइनेछ । |
| तुला | रा री रु रे रो ता ती तु ते | प्रेम सम्बन्ध सुमधुर हुनेछ । आर्थिक लाभको सम्भावना छ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | अधुरा काम पूरा हुनेछन् । यात्राबाट लाभ मिल्नेछ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | नयाँ जिम्मेवारी पाइनेछ । काममा सफलता मिल्नेछ । |
| मकर | भो जा जी खि खु खे खो गा गी | व्यवसाय विस्तारको अवसर मिल्नेछ । आर्थिक स्थिति सुधारिनेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामाजिक प्रतिष्ठा बढ्नेछ । नयाँ सम्बन्ध लाभदायी बन्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा उत्साह बढ्नेछ । आकस्मिक लाभ मिल्न सक्छ । |

# कमल नगर अस्पतालमा भिडियो एक्स–रे सेवा शुरु



**दमक/** जिल्लाको कमल गाउँपालिका २ क्याम्पामा रहेको कमल नगर अस्पतालमा सोमबारदेखि भिडियो एक्स–रे विस्तार गरिएको छ । दुई वर्षअघि सञ्चालनमा ल्याईएको उक्त अस्पतालमा भिडिओ एक्सरे सेवा विस्तार गरिएको कमल गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दिपक दाहालले बताए ।

भिडियो एक्सरे सेवाको कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले रिबन काटेर औपचारिक रुपमा शुभारम्भ गरे । भिडीयो एक्सरे सेवाको उद्घाटनका क्रममा अध्यक्ष राईले स्थानीय नागरिकलाई स्वास्थ्य परीक्षणका लागि अन्यत्र जानुपर्ने बाध्यता कम गर्दै गुणस्तरीय स्वास्थ्य सेवा आफ्नै पालिकाबाट सहज रूपमा उपलब्ध गराउने उद्देश्यले भिडियो एक्स–रे सेवा सञ्चालनमा ल्याइएको जानकारी दिए । सेवा सञ्चालनमा आएसँगै विशेषगरी गर्भवती महिला तथा भिडियो एक्स–रे आवश्यक पर्ने सेवाग्राहीलाई सहज र प्रभावकारी स्वास्थ्य सेवा प्राप्त हुने उनको भनाई थियो ।

सेवा शुभारम्भ कार्यक्रममा पालिका अध्यक्ष राईसहित प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकाल, कमल नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. फुलक चन्द्र लावती, अस्पताल प्रमुख कुशल श्रेष्ठ, रेडियोलोजिस्ट डा. देव कृष्ण यादवलगायत पालिका, अस्पताल तथा स्वास्थ्य शाखाका कर्मचारीहरू, अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरू , पत्रकार र विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

भिडियो एक्स–रे सेवा शुभारम्भ कार्यक्रमपछि अध्यक्ष राईले कमल नगर अस्पतालको समग्र सेवा प्रवाह तथा भौतिक संरचनाको निरीक्षण गर्नुका साथैं सेवाग्राहीहरूसँग सेवा गुणस्तरका विषयमा जानकारी लिएका थिए ।

आम्दा धुलावारी अस्पतालको सहकार्यमा साताको दुई दिन ( सोमबार र विहिबार ) अस्पतालमा भिडिओ एक्सरे सेवा उपलव्ध हुने छन् । सेवा शुभारम्भको पहिलो दिन ४५ जना सेवाग्राहीले भिडियो एक्स रे सेवा लिएका स्वास्थ्य शाखा प्रमुख दाहालले बताए ।

दाहालका अनुसार यसअघि अस्पतालले घुम्ती सेवामार्फत सात वटै वडामा विपन्न गर्भवती महिलाहरुलाई लक्षित गरि ग्रामीण अल्ट्रासाउण्ड सेवा सञ्चालन हुदै आएको थिया ।

# पहिरोमा परि चार जनाको मृत्यु, छ बेपत्ता

**एजेन्सी/** उत्तरी फिलिपिन्सको बागुइओ सहरमा पहिरोमा परी चार जनाको मृत्यु भएको छ भने छ जना बेपत्ता भएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार आइतबार साँझ करिब ७ बजे बागुइओको बारान्गो गुइसद सुरोङस्थित रिभरसाइड क्षेत्रमा पहिरो गएको हो। पहिरोमा तीन घर पुरिँदा १३ जना भग्नावशेषमा पुरिएका थिए । प्रहरीका अनुसार सोमबार बिहानसम्म उद्धारकर्मीले सात जनालाई जीवितै उद्धार गरेका छन् । पहिरोमा मृत्यु हुनेमा १७ वर्षीया किशोरी, नौ वर्षका दुई बालबालिका र ५६ वर्षीय पुरुष रहेका छन् । उद्धार गरिएकामध्ये तीन जनाको अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । लगातार बीचबीचमा वर्षा भइरहे पनि उद्धारकर्मीले बेपत्ता भएकाहरूको खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिएका छन् । यसैबीच, पहिरोको जोखिममा रहेका १४ परिवारका ६२ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । थप सात जनालाई स्थानीय गाउँको सभाहलमा राखिएको छ । प्रशासनले प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यलाई तीव्र बनाउँदै जोखिममा रहेका बासिन्दालाई सुरक्षित स्थानमा जान आग्रह गरेको छ ।



***आत्मनिर्भरताको कथा*** : जुत्ता-चप्पल सिलाउने हात, भविष्य सिलाउने संघर्ष । "सडकछेउ बसेर जुत्ता-चप्पल सिलाउने हातहरु केवल चप्पल होइन, आफ्नो परिवारको सपना सिलाइरहेका छन् । दमकको नगरपालिका चोकस्थित सडकपेटीमा पसिना बगाउँदै आत्मनिर्भरताको बाटोमा लम्किने अपेक्षा राखेका श्रमिकहरू ।

# पूर्वी पृतनापतिमा उपरथी शक्तिजंग बस्नेत



इटहरी । नेपाली सेनाका उपरथी शक्तिजंग बस्नेतले सोमबारदेखि इटहरीस्थित पूर्वी पृतना हेडक्वार्टरको नेतृत्व सम्हालेका छन् । यसअघि पूर्वी पृतनाको नेतृत्व उपरथी गौरवकुमार केसीको स्थानमा बस्नेत आएका हुन् । पूर्वी पृतनाको नेतृत्व उपरथी बस्नेतले तीन दशक लामो सैनिक सेवाका क्रममा नेपाली सेनाको व्यावसायिक क्षमता अभिवृद्धि, रणनीतिक भूमिका, विपद् प्रतिकार्य तथा स्थानीय तह र नागरिकसँगको सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान छ ।

# पाँचथरमा रेबिजविरुद्ध खोप अभियान

**फिदिम/** पाँचथरको फिदिम नगरपालिकाले बढ्दो रेबिज सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै सम्भावित सङ्क्रमित कुकुरले टोकेका कुकुर तथा बजार क्षेत्रमा रहेका सामुदायिक कुकुरलाई रेबिजविरूद्धको खोप लगाउन थालेको छ । नगरपालिकाले आइतबारदेखि सामूहिक खोप अभियान सुरू गरेको हो । खोप अभियानको पहिलो दिन आइतबार ५१ वटा कुकुर र दुई वटा बिरालोसहित ५३ वटा पशुलाई रेबिजविरूद्धको खोप लगाइएको नगरपालिकाको पशु विकास शाखाका प्रमुख नारायण थापाले बताए ।

पाँचथरको फिदिम नगरपालिकासँगै फाल्गुनन्द, हिल्लिहाङ र कुम्मायक गाउँपालिकामा पछिल्लो समय पशुचौपायामा रेबिज सङ्क्रमण देखिन थालेपछि जोखिम न्यूनीकरणका लागि खोप अभियान सञ्चालन गरिएको हो ।

यसैगरी फाल्गुनन्द गाउँपालिकाले पनि पशुचौपायामा सामूहिक भ्याक्सिन लगाउने कार्यक्रम सुरू गरेको छ । शनिबार र आइतबार यहाँ २५० भन्दा बढी कुकुर, बिरालो र पशुचौपायामा खोप लगाइएको गाउँपालिकाको पशु विकास शाखाले जनाएको छ । विशेष गरी रेबिजका कारण फाल्गुनन्द १, २, ५, ६ र ७ मा ५० भन्दा बढी पशुचौपाया मरिसकेका छन् ।

फाल्गुनन्द-६ का किसानलाई पनि रेबिजविरूद्धको खोप लगाइएको छ । विशेष गरी सङ्क्रमित पशुको सम्पर्कमा रहेका किसानलाई खोप दिइएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

# पुत्रशोकमा आमाको पनि निधन

**दमक/** जिल्लाको कमल गाउँपालिका ६, गोहाबारीमा पुत्रशोकमा डुबेको परिवारमा नौ दिनकै अन्तरमा अर्को बज्रपात परेको छ । स्थानीय वेनु पाठकका छोरा मोहन पाठकको निधन भएको नवौं दिनको काजकिरिया चलिरहेकै अवस्थामा उनकी आमा बुद्धिमाया शिवाकोटी पाठकको पनि निधन भएको हो। पारिवारिक स्रोतका अनुसार मोरङको उर्लावारीमा रेडिमेड कपडा व्यवसाय सञ्चालन गरिआएका मोहनको गत साउन २४ गते राति हृदयाघातका कारण ज्यान गएको थियो भने उनकी आमाको आइतवार राति करिब १० बजे निधन भएको हो। लामो समयदेखि निमोनिया तथा दमसम्बन्धी समस्याबाट पीडित बुद्धिमायाले छोराको वियोग सहन नसकिरहेकै अवस्थामा प्राण त्यागेपछि सिङ्गो गाउँ नै स्तब्ध बनेको छ ।

# नगर प्रमुखको चरित्र हत्या गर्ने पक्राउ

**धरान** / एआई (कृत्रिम बौद्धिकता) प्रविधिको प्रयोग गरी नक्कली तस्बिर तयार पारेर सामाजिक सञ्जालमा सार्वजनिक गर्दै चरित्र हत्या गरेको आरोपमा प्रहरीले सुनसरीको धरानबाट एक जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय धरानले धरानका कार्यवाहक नगर प्रमुख अइन्द्रविक्रम बेघाले हर्कराज राई साम्पाङमाथि कुर्सी प्रहार गरेको जस्तो देखिने नक्कली तस्बिर फेसबुकमा सार्वजनिक गरेको आरोपमा टेकबहादुर मगर 'मनु पिठा'लाई पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार मगरले एआई प्रविधिको प्रयोग गरी उक्त विवादित तस्बिर तयार पारेका थिए । तस्बिर फेसबुकमार्फत सार्वजनिक भएपछि सम्बन्धित व्यक्तिको चरित्र हत्या तथा प्रतिष्ठामा आँच पुऱ्याएको भन्दै प्राप्त सूचनाका आधारमा प्रहरीले घटनाबारे अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा मगरलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । सामाजिक सञ्जालमार्फत व्यक्तिको प्रतिष्ठामा गम्भीर असर पार्ने सामग्री सार्वजनिक गरेको आरोपमा पक्राउ परेका मगरमाथि साइबर अपराधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

***सर्वोच्चको....*** अनिवार्य रूपमा १५ दिनको लिखित म्याद दिई सफाइको अवसर दिनुपर्ने बाध्यकारी कानुनी व्यवस्था छ । तर, निर्वाचन आयोगले संस्थापन पक्षको औपचारिक असहमतिपत्र दर्ता भइसकेको अवस्थामा समेत २४ घण्टाकै अन्तरालमा गगन थापा पक्षको विवरण अद्यावधिक गरिदिनुलाई कानुनी विशेषज्ञहरूले यसलाई बैधता नहुने तर्क अघि सारको छन् ।

अघिल्लो संयुक्त इजलासको फैसलाका केही अंशहरूमा मिसिल संलग्न प्रमाणहरूसँग बाझिने गरी तथ्यहरु प्रस्तुत गरिएको र चौधौं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको संवैधानिक तथा विधानसम्मत कार्यकाल २०८४ जेठसम्म कायम रहने स्पष्ट व्यवस्थालाई बेवास्ता गर्दै म्याद सकिएको गलत तथ्य प्रस्तुत गरिनुले न्यायको मान्य सिद्धान्तलाई कमजोर बनाएको देखाएका छन् ।

समयमा महाधिवेशन नहुनुको मुख्य कारण क्रियाशील सदस्यताको सूची समयमै अद्यावधिक नहुनु रहेको र त्यसको जिम्मेवारी सम्बन्धित पदाधिकारीहरूको काँधमा रहेको तथ्यलाई उपेक्षा गर्दै सभापतिलाई मात्र दोषी करार गरिनु न्यायसंगत नहुने तर्क पनि बहसको रूपमा अघि सारिएको छ ।

प्रधानन्यायाधीशको नेतृत्वमा गठित तीन सदस्यीय पूर्ण इजलासले पुनरवलोकनको अनुमति दिँदै कार्यविधिगत त्रुटि, क्षेत्राधिकारको अतिक्रमण र प्राकृतिक न्यायको उल्लंघन नै अघिल्ला फैसलाहरूको पुनर्चक्रण गर्ने वैध आधार भएको पुष्टि गरेको भनिएको छ । यसले न्याय प्रशासन ऐन र अदालतका आफ्ना पूर्वदृष्टान्तहरूलाई पुनः स्थापित गरेको छ । बृहत् पूर्णइजलासबाट आगामी दिनमा हुने अन्तिम सुनुवाइले राजनीतिक र कानुनी क्षेत्रमा दूरगामी प्रभाव पार्ने चारवटा मुख्य सम्भावनाहरु उजागर गरेको छ ।

अदालतले सुरूवाती जग नै अवैध रहेको ठहर गर्दै विशेष महाधिवेशन र आयोगको अद्यावधिक निर्णयलाई सुरूदेखि नै शून्य घोषित गरी १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई नै पुनःस्थापना गर्न सक्छ । अथवा, प्राकृतिक न्याय र सुनुवाइको अधिकारलाई सर्वोपरि मान्दै आयोगको निर्णय बदर गरी कानुनी प्रक्रियाबमोजिम १५ दिनको म्याद प्रदान गरेर पुनः निर्णय लिन निर्वाचन आयोगमै फाइल फिर्ता पठाउन सक्ने सम्भावना पनि उत्तिकै छ । त्यस्तै, कानुनी प्रश्नको अन्तिम निरूपण नभएसम्मका लागि अघिल्लो इजलासले तोकेको महाधिवेशनसम्बन्धी तालिकालाई स्थगन गर्ने आदेश जारी हुन सक्छ भने दलको संवैधानिक अस्तित्व र निरन्तरता जोगाउन दुवै पक्षको सहभागितामा संयुक्त आयोजक समिति गठन गरी निश्चित समयसीमाभित्र १५औं नियमित महाधिवेशन सम्पन्न गर्ने मध्यस्थताको मार्ग पनि अदालतले अवलम्बन गर्न सक्ने भनिनुले काँग्रेसभित्र थप अन्यौल श्रृजना भएको हो ।

# आधार शिविरमा ५ जनाको शव

**दमक/** दोलखा रोल्वालिङ हिमश्रृंखला अन्तर्गतको यलुङरी हिमालको आधार शिविरमा फेला परेका ५ जनाको शव निकालिएको छ । साउन २१ मा स्थानीयले हिउँ पग्लिएको ठाउँमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । आधार शिविरमा भेटिएको ४ वटा शव हेलिकप्टरमार्फत काठमाडौं पठाइएको दोलखाका डीएसपी मनोज लामाले बताए । उनले भने- 'पोस्टमार्टमका लागि ४ वटा शव त्रिवि शिक्षण अस्पतालमा पठाइएको छ ।'

एक जना स्थानीयको शव दोलखामा नै पोस्टमार्टम गरिएको डीएसपी लामाले बताए । यलुङरीमा फेला परेका सबै शवको पहिचान खुलेको छ । खराब मौसमका कारण सुरक्षाकर्मीहरुले सातौं प्रयासमा शव सङ्कलन गरेका हुन् । मृत भेटिएकाहरू गत वर्ष कात्तिक १७ मा यलुङरी आरोहणका क्रममा हिम पहिरोमा बेपत्ता भएका थिए । त्यसबेला आरोहणका क्रममा आधार शिविर नजिकै १५ जना पहिरोमा फसेका थिए । जसमध्ये त्यतिबेलै आठ जनाको घाइते अवस्थामा उद्धार भएको थियो । त्यसबेला दुई जना इटली र फ्रान्सका आरोहीको शव निकालिएको थियो । आइतबार संकलन भएका ५ शवमध्ये नेपाली पथप्रर्दशक दोलखाको गौरीशङ्कर गाउँपालिका-९ पदम तामाङ र सोलुखुम्बुको माप्यदुधकुण्ड गाउँपालिका-५ का मेर कार्कीको रहेको डीएसपी लामाले बताए । क्यानडाका मार्को डी मार्सेलो, इटलीका मर्कस करचिलर र जर्मनका क्याकोब इसरिवरको शव पहिचान भएको छ । तीन विदेशी र एक पथ प्रर्दशकको शव काठमाडौं ल्याइएको छ । दोलखा घर भएका पथप्रदर्शक तामाङको शव चरिकोटमा पोस्टमार्टम गरिने बताइएको छ ।

# झापामा ५१ किमी सडक कालोपत्र

***दमक/*** *जिल्ला पूर्वाधार विकास कार्यालयले गत आर्थिक वर्षमा ५१ किलोमिटर सडक कालोपत्र गरेको छ । उक्त आवमा ३२.८० किलोमिटर सडक ग्राभेल, ९.५२ किलोमिटर सडकमा आरसिसी ढलान तथा ९०० मिटर मर्मतसम्भार गरिएको छ ।*

*उक्त कार्यालयका प्रमुख राजेश्वर महतोका अनुसार गत आवमा छ वटा झोलुङ्गे, तीन सरकारी भवन, ४९ सामुदायिक भवन, ११ धार्मिक संरचना, आठ विद्यालयका पूर्वाधार, एउटा कभर्डहल तथा आठ अन्य भवन तथा पूर्वाधार निर्माण भएका छन् ।*

*गत आवमा एक अर्ब ५१ करोड १४ लाख ७८ हजार विनियोजन भएकामा एक अर्ब पाँच करोड ४५ लाख ६४ हजार ५४० खर्च भएको छ ।*

***दलित......*** अभियान सञ्चालन गर्ने, दलित उत्तरदायी बजेटको व्यवस्था गर्ने तथा परम्परागत सीप र पेसालाई व्यवसायीकरण गर्ने विषय समेटिएका छन् । कार्यशालाको समापनमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री उमाकान्त गौतमले आगामी अधिवेशनबाट दलित सशक्तीकरण विधेयक पारित गर्ने प्रक्रिया अघि बढ्ने बताइन् । विधेयकमाथि दफावार छलफल सम्पन्न भइसकेकाले अब पारित गर्ने चरणमा पुगेको उनको भनाइ छ ।

दलित सशक्तीकरण विधेयकमाथि दफावार छलफल सकिसकेका छौं । अब यो पारित हुने चरणमा पुगेको छ, राज्यमन्त्री गौतमले भनिन्, आगामी अधिवेशनबाट विधेयक पारित गर्ने गरी प्रक्रिया अघि बढ्छ । कोशी प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी कानुन निर्माणको गृहकार्य २०७६ सालदेखि सुरु भएको थियो । लामो समयसम्म प्रक्रिया अघि बढ्न नसकेको सन्दर्भमा दलित अधिकारकर्मीले प्रश्न उठाउँदै आएका थिए । राज्यमन्त्री गौतमले सरोकारवालासँग पर्याप्त छलफल र परामर्श आवश्यक भएकाले प्रक्रिया लम्बिएको बताइन् । मानवअधिकार मञ्च नेपाल इलामका कार्यकारी निर्देशक देवेन्द्र विश्वकर्माले अन्य प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी ऐन कार्यान्वयनमा आइसकेकाले कोशीमा पनि विधेयक शीघ्र पारित गर्नुपर्ने बताउनुभयो । कार्यशालामा झापाका १५ वटै पालिकाका जनप्रतिनिधि, जिल्ला प्रशासन, राजनीतिक दल, मानवअधिकार कर्मीलगायतको सहभागिता थियो । मानवअधिकार मञ्च नेपाल इलामका अध्यक्ष मोहनसिंह थेवेले मञ्चको कार्यक्षेत्र झापासहित इलाम, पाँचथर र ताप्लेजुङ रहेको बताउँदै क्रमश: ती जिल्लामा पनि यस्तै कार्यशाला सञ्चालन गरिने जानकारी दिए ।

***ओली.....*** उनका पति जीवन आचार्यको सम्पत्तिको स्रोतसमेत अनुसन्धानको दायरामा परेको छ। आचार्य कोशी प्रदेशसभाका सदस्य हुन् । उनी यसअघि कोशी प्रदेश सरकारमा मन्त्रीसमेत भइसकेका छन् । अख्तियार स्रोतका अनुसार परिवारका सदस्यको सम्पत्ति अनुसन्धान गर्ने क्रममा आचार्यको नामसमेत अनुसन्धानमा समेटिएको हो। स्रोतका अनुसार गंगा दाहाल र जीवन आचार्यको सम्पत्तिसम्बन्धी अनुसन्धान भानु देउवाको भन्दा केही अगाडि बढिसकेको छ । अनुसन्धानका क्रममा पहिचान भएका केही सम्पत्तिको स्रोत स्पष्ट पार्न सम्बन्धित पक्षसँग थप विवरण माग्ने प्रक्रिया चलिरहेको छ । यसअघि अख्तियारले पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका स्वकीय सचिव राजेश बज्राचार्यको सम्पत्तिमाथि समेत अनुसन्धान सुरू गरिसकेको छ । आयोगले बज्राचार्यलाई टंगालस्थित कार्यालयमा बोलाएर सम्पत्तिसम्बन्धी विवरण पेस गराइसकेको छ । स्वकीय सचिव तथा राजनीतिक नेतृत्वसँग निकट रहेर सार्वजनिक पदमा पहुँच राख्ने व्यक्तिहरूको सम्पत्तिमाथि पछिल्लो समय अख्तियारले अनुसन्धान तीव्र बनाएको देखिएको छ ।

***दमकका....*** आउने ग्राहकको पहिचान खुल्ने कागजात तथा आवश्यक विवरण अभिलेखमा राख्ने, परिचय नखुलेका व्यक्तिलाई कोठा उपलब्ध नगराउने र होटल परिसरमा जडान गरिएका सीसीटीभी नियमित रूपमा सञ्चालनमा राख्ने विषयमा जोड दिइएको थियो । आवश्यक परेको अवस्थामा सुरक्षा निकायलाई सहयोग पुग्ने गरी सीसीटीभीको अभिलेख सुरक्षित राख्नुपर्ने विषयसमेत उठाइएको थियो ।

होटललाई अपराधजन्य गतिविधिको आश्रयस्थल बन्न नदिन व्यवसायीले विशेष सतर्कता अपनाउने तथा कुनै शंकास्पद गतिविधि देखिए तत्काल प्रहरीलाई जानकारी गराउने सहमति भएको छ। प्रहरी र व्यवसायीबीच सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने विषयमा पनि छलफल भएको थियो ।

त्यसैगरी विद्यालय जाने उमेरका विद्यार्थी तथा बालबालिकालाई लक्षित गरी होटलबाट धूम्रपान तथा मद्यपानजन्य सामग्री उपलब्ध नगराउने विषयमा समेत व्यवसायीलाई सचेत गराइएको छ । होटल व्यवसाय सञ्चालन गर्दा सामाजिक उत्तरदायित्व र व्यवसायिक मर्यादालाई प्राथमिकता दिनुपर्नेमा सहभागी व्यवसायीले जोड दिएका थिए ।

छलफलमा होटल व्यवसायीले ग्राहकको सुरक्षा, व्यवसायको मर्यादा र गोपनीयतालाई ध्यान दिँदै प्रहरीसँग आवश्यक समन्वय गर्ने बताएका थिए । व्यवसाय सञ्चालनका क्रममा देखिने सुरक्षा तथा अन्य व्यावहारिक समस्यामा प्रहरीले समेत आवश्यक सहजीकरण गर्ने समझदारी भएको जनाइएको छ । प्रहरी र होटल व्यवसायीबीचको सहकार्यले दमकका होटल तथा लजलाई थप सुरक्षित र व्यवस्थित बनाउन तथा सम्भावित अपराधजन्य गतिविधि नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com